सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३६५ ♦ २०८३ साल असोज ११ आइतवार ♦ 27 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

## मधेश-कोशीबीच आर्थिक सहकार्यको समझदारी : आर्थिक विकास र रोजगारी सिर्जनामा दुई प्रदेशबीच सहकार्य हुने



**खबर दर्पण समाचारदाता**

**असोज १० गते, बर्दिवास**

मधेश प्रदेश र कोशी प्रदेश सरकारबीच सार्वजनिक वित्तीय व्यवस्थापन सुधार, राजस्व वृद्धि, रोजगारी सिर्जना, उद्यमशीलता तथा आर्थिक विकासका क्षेत्रमा सहकार्य गर्ने समझदारी भएको छ।

मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराई र कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री विदुरकुमार लिङ्थेपले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो।

समझदारीअनुसार दुवै प्रदेशले बजेट निर्माण, राजस्व प्रशासन, वित्तीय संघीयता, बेरुजु फछ्र्योट तथा सार्वजनिक वित्तीय व्यवस्थापनका क्षेत्रमा आफूले अपनाएका असल अभ्यास र अनुभव आदानप्रदान गर्नेछन्। साझा चासो र सरोकारका विषयमा सूचना आदानप्रदान, परामर्श तथा नीति र कानुन निर्माणमा समेत समन्वय गरिने जनाइएको छ।

समझदारीपत्रमा हस्ताक्षरपछि अर्थमन्त्री भट्टराईले संविधानले परिकल्पना गरेको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्न दुई प्रदेशबीच सहकार्यको समझदारी गरिएको बताउनुभयो। प्रदेश-प्रदेशबीचको सहकार्यलाई प्रभावकारी बनाउँदै साझा हितका विषयमा संयुक्त पहल गर्ने उद्देश्य रहेको उहाँले उल्लेख गर्नुभयो।

समझदारीअनुसार प्रत्येक आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नुभन्दा कम्तीमा तीन महिना अगाडि दुवै प्रदेशले साझा प्राथमिकता, राजस्व तथा आर्थिक नीतिका विषयमा पूर्वबजेट परामर्श र संयुक्त कार्यशाला आयोजना गर्नेछन्। वार्षिक सहकार्य कार्ययोजना निर्माण तथा त्यसको प्रगति समीक्षा गर्न संयुक्त अन्तरप्रदेशीय समन्वय समिति गठन गरिनेछ।

त्यस्तै, दुई प्रदेशबीच मन्त्रीस्तरीय उच्चस्तरीय सम्मेलन पालैपालो आयोजना गर्ने सहमति भएको छ। समझदारी कार्यान्वयनका लागि दुवै प्रदेशका अर्थमन्त्री तथा आर्थिक मामिला तथा योजना मन्त्रीको नेतृत्वमा उच्चस्तरीय मार्गदर्शक समिति गठन गरिनेछ। समितिको अध्यक्षता दुवै प्रदेशले पालैपालो गर्ने व्यवस्था गरिएको छ।

सार्वजनिक वित्तीय व्यवस्थापन सुधार, परिणाममा आधारित बजेट प्रणाली, आन्तरिक नियन्त्रण र बेरुजु फछ्र्योटलाई दुवै प्रदेशले प्राथमिकतामा राख्ने भएका छन्। एक प्रदेशले वित्तीय व्यवस्थापनमा अपनाएका प्रभावकारी अभ्यास अर्को प्रदेशमा प्रयोग गर्ने तथा अनावश्यक प्रशासनिक खर्च न्यूनीकरणका लागि समेत सहकार्य गरिने समझदारीमा उल्लेख छ।

राजस्व वृद्धि तथा प्रशासन सुधारका लागि राजस्वको सम्भाव्यता अध्ययन, राजस्व सुधार

बाँकी पृष्ठ ३ मा

## विश्व पर्यटन दिवसलाई अवसरमा महोत्तरीका होटलमा २५ प्रतिशतसम्म छुट

**खबर दर्पण समाचारदाता**

**असोज १० गते, बर्दिवास**

होटल तथा पर्यटन व्यवसायी सङ्घ, महोत्तरीले विश्व पर्यटन दिवस-२०२६ को अवसरमा जिल्लाको पर्यटन प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने भएको छ। सङ्घले पर्यटकीय होटलमा विशेष छुटदेखि ऐतिहासिक, धार्मिक तथा प्राकृतिक पर्यटकीयस्थलको प्रचार प्रसारसम्मका कार्यक्रम सञ्चालन गर्न लागेको हो।

'पर्यटनको पुनर्संरचनाका लागि डिजिटल एजेन्डा र कृत्रिम बुद्धिमत्ता (एआई)' भन्ने मूल नाराका साथ मनाइने विश्व पर्यटन दिवसका अवसरमा असोज १० देखि १८ गतेसम्म विभिन्न कार्यक्रम आयोजना गर्न लागिएको सङ्घले जनाएको छ।

नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ, होटल एसोसिएसन नेपाल (हान) तथा नाट्टा मधेश प्रदेशसँगको सहकार्यमा आयोजना हुने कार्यक्रममा असोज १० देखि १७ गतेसम्म मधेश प्रदेशका आठवटै जिल्लाका होटलमा बस्ने पाहुनालाई आवासमा २५ प्रतिशत र खानामा १५ प्रतिशत छुट उपलब्ध गराइनेछ।


सङ्घका अध्यक्ष गुञ्जबहादुर कार्कीका अनुसार महोत्तरीका प्रमुख धार्मिक, ऐतिहासिक तथा प्राकृतिक पर्यटकीयस्थललाई केन्द्रमा राखेर पर्यटन प्रवर्द्धनका गतिविधि सञ्चालन गरिनेछ। टुटेश्वरनाथ, जलेश्वरनाथ, मटिहानी, प्राचीन ढुङ्गे हतियार कारखाना, रौजा मजार, पडौलथान र पञ्चधुरामाई लगायतका स्थलको प्रचारप्रसारलाई प्राथमिकता दिइने उहाँले बताउनुभयो।

पर्यटन क्षेत्रका सम्भावना र चुनौतीबारे बर्दीबास र जलेश्वरमा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरिने सङ्घले जनाएको छ। कार्यक्रममा स्थानीय तह, पर्यटन व्यवसायी, विभिन्न सङ्घसंस्था तथा अन्य सरोकारवालाको सहभागिता रहनेछ। त्यसैगरी पर्यटकीयस्थलको प्रचार प्रसार, पर्यटकलाई स्वागत, भिडियो सामग्रीमार्फत पर्यटकलाई निमन्त्रणा सन्देश प्रवाह तथा अतिथि सत्कार बारे पर्यटकको प्रतिक्रिया सङ्कलन गरिनेछ। जलेश्वर र बर्दीबासका मुख्य चोक तथा बजार क्षेत्रमा सरसफाइ कार्यक्रमसमेत सञ्चालन गरिने अध्यक्ष कार्कीले जानकारी दिनुभयो।

सङ्घले पर्यटन क्षेत्रमा योगदान पु्र्याउने दुई जना पत्रकारलाई 'पर्यटन पत्रकारिता सम्मान' प्रदान गर्ने भएको छ। नेपाल पत्रकार महासङ्घ महोत्तरी शाखाको सिफारिसमा पत्रकार छनोट गरी सम्मान गरिने जनाइएको छ।

अध्यक्ष कार्कीले महोत्तरीको पर्यटन क्षेत्र पछिल्लो समय अपेक्षाकृत सुस्त रहेकाले जिल्लामा रहेका पर्यटकीय सम्भावनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउन कार्यक्रम आयोजना गरिएको बताउनुभयो। उहाँका अनुसार पर्यटन व्यवसायलाई चलायमान बनाउन पर्यटकीयस्थल, होटल व्यवसाय र स्थानीय उत्पादनलाई एकीकृत रूपमा प्रवर्द्धन गर्न आवश्यक छ।

सङ्घले पर्यटन प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रम तथा गतिविधिको व्यापक प्रचारप्रसार गरी जिल्लाको पर्यटन क्षेत्रलाई थप चलायमान बनाउन सञ्चारकर्मीलाई आग्रह गरेको छ।



# विद्यालय भवनमा गाउँपालिका कार्यालय सार्ने तयारीप्रति रास्वपाको आपत्ति




**खबर दर्पण समाचारदाता**
**असोज १० गते, वर्दिवास**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सम्सी गाउँपालिका कमिटीले गाउँपालिकाको कार्यालय हाल सञ्चालन हुँदै आएको स्थानबाट सारेर श्री जनता माध्यमिक विद्यालयको नवनिर्मित भवनमा सञ्चालन गर्ने तयारीप्रति आपत्ति जनाएको छ ।

रास्वपा सम्सी गाउँपालिका सभापति मो. मोअज्जम रपि द्वारा हस्ताक्षरित विज्ञप्तिमार्फत विद्यालयका लागि निर्माण गरिएको भवनलाई प्रशासनिक कार्यालयका रूपमा प्रयोग गर्ने तयारी तत्काल रोक्न माग गरिएको हो ।

विज्ञप्तिमा शैक्षिक संस्थाको वातावरणमा स्थानीय सरकारको प्रशासनिक कार्यालय सञ्चालन गर्दा विद्यार्थीको पठनपाठन प्रभावित हुन सक्ने उल्लेख गरिएको छ । विद्यालय परिसरमा प्रशासनिक गतिविधि सञ्चालन गर्दा शैक्षिक वातावरणमा असर पर्नुका साथै विद्यार्थीको नियमित पठनपाठनमा बाधा पुग्ने रास्वपाको दाबी छ ।

रास्वपाले विद्यालय भवनलाई अन्य प्रयोजनमा प्रयोग गर्नु अव्यावहारिक भएको जनाएको छ । साथै गाउँपालिकाको कार्यालयलाई हालको स्थानबाट अन्यत्र सार्दा सर्वसाधारण सेवाग्राहीलाई कार्यालयसम्म पुग्न थप समस्या र प्रशासनिक झन्झट उत्पन्न हुन सक्ने विज्ञप्तिमा उल्लेख छ ।

"शैक्षिक संस्थाको वातावरण बिथोलिने र आम जनताको सहज पहुँचबाट गाउँपालिकाको कार्यालयलाई टाढा लैजाने गरी गरिएको निर्णय सराहनीय छैन," विज्ञप्तिमा भनिएको छ ।

रास्वपाले स्थानीय सरकारको कार्यालय र विद्यालयका लागि निर्माण गरिएको पूर्वाधारको उपयोग गर्दा विद्यार्थी, शिक्षक तथा सर्वसाधारण सेवाग्राहीको हितलाई प्राथमिकतामा राख्नुपर्ने जनाएको छ । विद्यालय भवनलाई प्रशासनिक प्रयोजनमा प्रयोग गर्ने निर्णयबारे पुनर्विचार गरी कार्यालय सार्ने प्रक्रिया तत्काल रोक्न पनि पार्टीले माग गरेको छ ।

विज्ञप्तिमा स्थानीय जनभावना र सरोकारवालाको हितविपरीत निर्णय फिर्ता नगरिए संघर्षका कार्यक्रम अघि बढाउने चेतावनीसमेत दिइएको छ ।

यता, गाउँपालिकाले विद्यालयको नवनिर्मित भवनलाई कार्यालयका रूपमा प्रयोग गर्ने तयारी गर्नुको कारण, कार्यालय स्थानान्तरणको आवश्यकता तथा निर्णय प्रक्रियाबारे गाउँपालिका नेतृत्वको विस्तृत आधिकारिक धारणा सार्वजनिक हुन बाँकी छ ।

विद्यालयका लागि निर्माण गरिएको भवनको प्रयोग र गाउँपालिका कार्यालय स्थानान्तरणको विषयमा स्थानीयस्तरमा विवाद देखिएपछि यसले शिक्षा र स्थानीय सेवा प्रवाह दुवैसँग सम्बन्धित विषयलाई बहसमा ल्याएको छ ।

# जनकपुरधामको गंगासागरमा पितृ तर्पण आरम्भ, श्रद्धालुको ठूलो घुइँचो



**खबर दर्पण समाचारदाता**
**असोज १० गते, वर्दिवास**

पितृपक्षको अवसरमा आजदेखि जनकपुरधामस्थित प्रसिद्ध गंगासागरमा पितृ तर्पण गर्ने धार्मिक परम्परा आरम्भ भएको छ।पितृहरूको सम्झनामा तर्पण तथा श्राद्ध गर्न बिहानैदेखि गंगासागरमा श्रद्धालुहरूको ठूलो घुइँचो लागेको छ।

आफ्ना दिवंगत पितृहरूको आत्माको शान्ति तथा सद्गतिको कामना गर्दै श्रद्धालुहरू गंगासागरमा स्नान गरी विधिपूर्वक तर्पण, पिण्डदान तथा अन्य धार्मिक कर्मकाण्डमा सहभागी भएका छन्। बिहानैदेखि गंगासागर परिसरमा श्रद्धालुहरूको बाक्लो उपस्थिति देखिएको छ।

पितृपक्षमा दिवंगत आफन्त तथा पूर्वजहरूको सम्झनामा तर्पण र श्राद्ध गर्ने धार्मिक मान्यता रहेको छ।

यस अवधिमा पितृहरूको स्मरण गर्दै जल, तिल, कुशलगायतका सामग्रीबाट तर्पण दिने गरिन्छ।जनकपुरधामको धार्मिक तथा ऐतिहासिक महत्व बोकेको गंगासागरमा प्रत्येक वर्ष पितृपक्षका बेला ठूलो संख्यामा श्रद्धालुहरू तर्पण गर्न आउने गरेका छन्। स्थानीयसँगै धनुषा तथा आसपासका विभिन्न जिल्लाबाट समेत श्रद्धालुहरू गंगासागर पुग्ने गरेका छन्।

पितृ तर्पणका कारण गंगासागर परिसरमा बिहानैदेखि धार्मिक वातावरण बनेको छ। श्रद्धालुहरूको सहजताका लागि सम्बन्धित पक्षले आवश्यक व्यवस्थापन तथा सुरक्षा व्यवस्था मिलाएका छन्।

सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

गौशाला नगरपालिका, महोत्तरी

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बिटौरी बुझाउँदैमा सरकारी जग्गामा निजी स्वामित्व कायम नहुने सर्वोच्चको फैसला

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**असोज १० गते, महोत्तरी**

सर्वोच्च अदालतले सरकारी, सार्वजनिक, पर्ती वा ऐलानी जग्गामा लामो समयदेखि बसोबास गर्दै आएको तथा स्थानीय तहलाई 'बिटौरी' शुल्क बुझाउँदै आएको आधारमा मात्र व्यक्तिको निजी स्वामित्व वा स्थायी भोगाधिकार कायम हुन नसक्ने स्पष्ट गरेको छ।

महोत्तरीको गौशाला नगर पालिका-५ का बृजनन्दन ठाकुर बडहीले सरकारी पर्ती जग्गामा करिब ४० वर्षदेखि घर बनाएर बसोबास गर्दै आएको र स्थानीय निकायलाई नियमित रूपमा बिटौरी बुझाउँदै आएको आधार मा उक्त जग्गामा आफ्नो भोगाधिकार कायम हुनुपर्ने मागसहित अदालतमा मुद्दा दायर गर्नुभएको थियो। सर्वोच्च अदालतले जिल्ला र उच्च अदालतको फैसला सदर गर्दै उहाँको दाबी अस्वीकार गरेको हो।

न्यायाधीशद्वय हरिप्रसाद फुयाल र टेकप्रसाद ढुङ्गानाको संयुक्त इजलासले २०८३ साउन २७ गते गरेको फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएको हो। फैसलामा सरकारी, सार्वजनिक, पर्ती वा ऐलानी जग्गा लामो समयसम्म भोगचलन गर्दै आएको आधारमा मात्र निजी स्वामित्व वा स्थायी भोगाधिकार प्राप्त नहुने कानुनी व्यवस्था स्पष्ट गरिएको छ।

ठाकुरले गौशाला नगरपालिका-५ स्थित कित्ता नम्बर ११५ को जग्गामध्ये करिब ०-०-१० क्षेत्रफलमा ४० वर्षअघिदेखि घर बनाई परिवारसहित बसोबास गर्दै आएको र पसलसमेत सञ्चालन गरेको दाबी गर्नुभएको थियो। २०२४ सालको नापीमा उक्त जग्गामा कसैको नाम कायम नभए पनि आफूले स्थानीय निकायलाई नियमित रूपमा बिटौरी बुझाउँदै आएको उहाँको जिकिर थियो।

तर सर्वोच्चले स्थानीय तहलाई बुझाइएको 'बिटौरी'लाई जग्गाको स्वामित्व वा स्थायी भोगाधिकार प्रदान गर्ने करका रूपमा लिन नमिल्ने व्याख्या गरेको छ। सार्वजनिक वा पर्ती क्षेत्रमा पसल, छाप्रो वा अन्य संरचना राखी उपयोग गरेबापत लिइने शुल्क तिर्दैमा सरकारी जग्गा निजी सम्पत्तिमा परिणत नहुने अदालतको ठहर छ। फैसलामा बिटौरी र मालपोत कर फरक विषय भएकोसमेत स्पष्ट गरिएको छ।



सर्वोच्चले सरकारी जग्गामा लामो समयदेखि बसोबास गरेको, बिटौरी बुझाएको वा सरकारी निकायबाट केही सुविधा प्राप्त गरेको आधारले मात्र निजी हक सिर्जना नहुने जनाएको छ। शौचालय निर्माणका लागि अनुदान वा सरसफाइ परिचयपत्रजस्ता सुविधा प्राप्त गरेको विषयले पनि सरकारी जग्गामा स्वामित्व वा कानुनी भोगाधिकार स्थापित नगर्ने फैसलामा उल्लेख छ।

सार्वजनिक जग्गा खाली गराउने क्रममा भूमिहीन वा सुकुम्बासी परिवार प्रभावित हुने अवस्था आएमा राज्यले आवासको हकलाई ध्यानमा राखी मानवीय आधारमा उपयुक्त वा वैकल्पिक व्यवस्थापन गर्न सक्ने सर्वोच्चले जनाएको छ।

गौशाला क्षेत्रमा सार्वजनिक तथा ऐलानी जग्गामा लामो समयदेखि बसोबास गर्दै आएका परिवारको विषयमा यसअघि पनि विवाद तथा आन्दोलन हुँदै आएको थियो। स्थानीयस्तरमा केही बासिन्दाले तत्कालीन स्थानीय निकायबाट बिटौरी काटेर बसोबास गराइएको दाबी गर्दै जग्गाको लालपुर्जाको मागसमेत गर्दै आएका थिए।

# मधेश-कोशीबीच आर्थिक सहकार्यको समझदारी.........

कार्ययोजना निर्माण र स्थानीय तहको राजस्व प्रशासन सुदृढीकरणमा संयुक्त पहल गरिनेछ। वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट तथा प्रदेश र स्थानीय तहबीचको वित्तीय सम्बन्धका विषयमा समेत संयुक्त अध्ययन गरिने जनाइएको छ।

डिजिटल सार्वजनिक वित्तीय प्रणालीको प्रयोग विस्तार तथा कर्मचारीको क्षमता अभिवृद्धिका लागि संयुक्त तालिम र अभिमुखीकरण सञ्चालन गर्ने विषय पनि समझदारीमा समेटिएको छ।

धार्मिक तथा अन्य पर्यटकीय क्षेत्रको संयुक्त रूपमा पूर्वाधार विकास गरी त्यसबाट प्राप्त हुने राजस्व बाँडफाँटका लागि आवश्यक ढाँचा तयार गर्नेसम्मका विषयमा समेत दुई प्रदेशले सहकार्य गर्ने भएका छन्। रोजगारी तथा उद्यमशीलतालाई पनि समझदारीको महत्वपूर्ण क्षेत्र बनाइएको छ। युवा रोजगारी, नवप्रवर्तन, उद्यमशीलता, साना तथा मझौला उद्योग र निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि दुवै प्रदेशले सहकार्य गर्नेछन्।

बाढी, पहिरो, डुबानलगायत विपद्का समयमा अनुभव आदानप्रदान तथा आपत्कालीन समन्वय गर्ने सहमति पनि भएको छ। कर्मचारीको क्षमता विकासका लागि संयुक्त तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

दुवै मन्त्रालयका सचिवको नेतृत्वमा प्राविधिक तथा कार्यान्वयन समिति रहनेछ भने बजेट वा राजस्व हेर्ने उपसचिवस्तरका एक-एक जना अधिकारीलाई सम्पर्क व्यक्ति तोकिने व्यवस्था गरिएको छ। संयुक्त रूपमा सञ्चालन हुने कार्यशाला, तालिम, प्रविधि विकास तथा अध्ययन-अनुसन्धानका कार्यक्रमको खर्च दुवै प्रदेशले ५०-५० प्रतिशत व्यहोर्नेछन्। उच्चस्तरीय तथा प्राविधिक बैठक आयोजना गर्ने प्रदेशले व्यवस्थापन खर्च व्यहोर्ने र सहभागी टोलीको भ्रमण भत्ता सम्बन्धित मन्त्रालयले व्यहोर्ने समझदारी भएको छ।

दुई प्रदेशबीचको सहकार्यमा २०८२ कात्तिक १५ गते हेटौंडामा प्रदेशका अर्थ तथा आर्थिक मामिला मन्त्रीहरूले जारी गरेको 'वित्तीय संघीयता सुदृढीकरणका लागि प्रदेशका आर्थिक मामिला मन्त्रीहरूको साझा प्रतिबद्धता'लाई समेत मार्गदर्शनका रूपमा लिइनेछ। समझदारीपत्र हस्ताक्षर भएको मितिदेखि पाँच वर्षसम्म लागू हुने व्यवस्था गरिएको छ।




# बुबाको अनुहार नदेखी कुशको शव बनाएर छोराले दिए मुखाग्नी



**खबर दर्पण समाचारदाता**
**असोज १० गते, बर्दिवास**

रसुवामा आएको विनाशकारी बाढीमा बेपत्ता भएका महोत्तरीको मटिहानीको गङ्गाराम मण्डलको शव हाल सम्म पनि फेला नपरे पछि परिवारजनले मन कठोर पार्दै कुशको शव बनाएर दाहसंस्कार गरेका छन् । शनिवार मण्डलका परिवारजन तथा गाउँलेहरू कुशको प्रतीकात्मक शव बनाएर दाहसंस्कार गरेका हुन् । १७ वर्षीय छोरा आदित्यराज मण्डलले बुबाको प्रतीकात्मक शवलाई मुखाग्नि दिनुभयो। बाबुको हात समातेर हिँड्ने उमेरमा उहाँले आफ्नै बुबाको प्रतीकात्मक शवलाई आगो दिनुपर्‍यो। आगो बलिरह्यो, कुश खरानी बन्दै गयो। तर आदित्यराजको मनमा भने एउटा प्रश्न जीवितै रह्यो– 'बुबा कहाँ हुनुहुन्छ ?' पति बेपत्ता भएदेखि गुञ्जा देवीका आँखाका आँसु थामिएका छैनन्। झन् शनिबार पतिको अन्तिम मुखसमेत देख्न पाइनन्। आफन्तहरू मौन थिए। गङ्गारामको अन्तिम संस्कार पूरा हुँदै थियो, तर परिवारको मनले उनलाई बिदाइ गर्न सकेको थिएन। प्रत्यक्ष शव नभेटिँदा मृत्यु स्वीकार्न जोकोहीलाई कठिन हुन्छ, र मनबाट आशा मार्न पनि। रसुवा बाढीले गङ्गारामलाई बेपत्ता मात्र बनाएन, एउटा परिवारबाट अन्तिम बिदाइको अधिकार समेत खोसिदियो। कुशको शवमा गरिएको त्यो दाहसंस्कार एउटा परिवारको कथा मात्र होइन, विपत्तिले छोडेर गएको गहिरो मानवीय घाउको प्रतीक हो। आर्यघाटको आगो त निभेको छ, तर मण्डल परिवारको मनमा सल्किएको कारुणिक व्यथाको आगो कहिले निभ्ला? त्यो भने भन्न सकिँदैन। काठमाडौंबाट रसुवा हुँदै पर्यटकलाई मानसरोवर यात्रा गराउने संस्थामा कुकका रूपमा कार्यरत गङ्गारामले भदौ ९ गते परिवारसँग अन्तिमपटक कुराकानी गरेका थिए। रिचा ट्रेकु नामक संस्थामा काम गर्ने उनी त्यसपछि सम्पर्कविहीन भए। एक महिनाअघि पहाडमा आएको ज्यानमारा बाढीले तराईका बस्तीहरूमा रुवाबासी गराएको यो एउटा प्रतिनिधि घटना मात्र हो।

# गौशालाका ३७० परिवारले पाए जग्गाको जग्गाधनी पुर्जा




**खबर दर्पण समाचारदाता**
**असोज १० गते, बर्दिवास**

महोत्तरीको गौशाला नगरपालिका-२ निगौलका ३७० परिवारले लामो समयदेखिको प्रतीक्षापछि गाउँब्लक जग्गाको जग्गाधनी पुर्जा प्राप्त गरेका छन् ।

शुक्रबार नापी कार्यालय जलेश्वरको आयोजनामा निगौलमा आयोजित कार्यक्रममा ३७० जना जग्गाधनीलाई जग्गाधनी पुर्जा वितरण गरिएको हो । लामो समयदेखि आफ्नो जग्गाको स्वामित्व प्रमाणित गर्ने पुर्जाको प्रतीक्षामा रहेका स्थानीयले पुर्जा पाएपछि खुसी व्यक्त गरेका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै मधेस प्रदेशका यातायातमन्त्री शारदादेवी थापाले जग्गाधनी पुर्जा प्राप्त भएपछि स्थानीयवासीको जग्गामाथिको कानुनी अधिकार थप सुनिश्चित हुने बताईन् ।

उनले गाउँब्लक जग्गाको पुर्जा वितरणले स्थानीयको लामो समयदेखिको समस्या समाधान गर्न महत्वपूर्ण सहयोग पुग्ने उनउले बताईन् ।

महोत्तरी क्षेत्र नं. १ का संघीय सांसद् प्रमोदकुमार महतोले गाउँब्लकको जग्गाको पुर्जा सम्बन्धित जग्गाधनीको घरसम्म पुऱ्याउने कामसँगै भूमिहीन तथा सुकुम्बासीका समस्या समाधानका लागि समेत पहल भइरहेको बताए ।

गौशाला नगरपालिकाका मेयर डा. दीपेन्द्र महतोले गाउँब्लक जग्गाको पुर्जा वितरणले स्थानीयवासीलाई आफ्नो जग्गाको स्वामित्व प्रमाणित गर्ने आधार प्राप्त भएको बताए । उनले आफू निर्वाचित भएको दिनदेखि नै नगरवासीलाई लालपुर्जा वितरण गर्ने लक्ष्य राखेको र उक्त लक्ष्य आज पुरा भएको बताए ।

यस्तै, गौशाला नगरपालिका वडा नं. २ का वडाध्यक्ष श्यामसुन्दर मण्डलले लामो समयदेखि पुर्जाको प्रतीक्षामा रहेका नागरिकको समस्या समाधान हुनु खुसीको विषय भएको बताए । कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, स्थानीय अगुवा, नापी कार्यालयका प्रमुख तथा कर्मचारी लगायतको सहभागिता रहेको थियो ।

स्थानीय राम प्रगाश यादवले पुर्जा वितरणलाई निगौलवासीका लागि महत्वपूर्ण उपलब्धि भएको बताउँदै वर्षौंदेखिको प्रतीक्षा पूरा भएकोमा खुसी व्यक्त गरे ।

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"
**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस्!**
"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोश्रो पटक प्रकाशित मिति : २०८३ असोज ११ गते

यस कम्पनीको विशेष साधारणा समितिको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०८३।०६।०८ मा समेत स्वीकृति प्राप्त भई साविक कम्पनी कर्नर फुड पोइन्ट क्याफे एण्ड रेष्टुरेन्ट (प्रा. लि.) प्रा. ली. नं २६४२६० को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोनु पर्ने ऋण, धन, कर दायित्व आदि परिर्वतित नामको ए.जी.कलेक्सन प्रा. ली. अंग्रेजीमा **A. G. Collection Pvt.Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,